# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(कृषि विकास शाखा)
शनिश्चरे, झापा
प्रदेश नं. १, नेपाल

प.सं. २०७७/७८
च.नं.: सूचना नं. २१

**मकैको बीउ आपूर्ति गर्ने सम्बन्धि सूचना ।**
**प्रथम पटक प्रकाशित मिति: २०७७/१०/०७**

अर्जुनधारा नगरपालिकाको आ.व. २०७७/७८ को सशर्त अनुदान तर्फको बाली विकास तथा जैविक विविधतता संरक्षण कार्यक्रम अन्तर्गत उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रम अनुसार पचास प्रतिशत (५०%) अनुदानमा मकैको उन्नत बीउ वितरण गर्नका लागि तपशिल बमोजिमको बीउ आवश्यक भएको हुदाँ सम्बन्धित सेवा प्रदायक संस्थाहरुले आफूले उपलब्ध गराउन सक्ने बीउको गुणस्तर, प्रतिकिलो ग्राम मूल्य, जात र परिमाण उल्लेख गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन मिति २०७७/१०/२१ गते भित्र कार्यालय समयमा तपशिलमा उल्लेखित आवश्यक कागजातहरु सहित शिलबन्दी खाममा आवेदन दिनुहुन सूचित गरिन्छ । म्याद समाप्त भएपश्चात प्राप्त भएका र रितपूर्वक पेश नभएका आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**कार्यक्रम विवरण**

| क्र.सं. | बाली | बीउको स्तर | जात | इकाई | परिमाण |
|---|---|---|---|---|---|
| १. | मकै | उन्नत | रामपुर-१० | मे. टन | आवश्यकता मात्रामा |
| २. | मकै | उन्नत | नेपाली हाइब्रिड | मे. टन | आवश्यकता मात्रामा |

**आवश्यक कागजातहरु:**

१. बीउ बिक्री इजाजतपत्र प्रतिलिपि ।
२. संस्था दर्ता/नवीकरण प्रमाणपत्र प्रतिलिपि ।
३. अर्जुनधारा नगरपालिका क्षेत्रभित्र रहेको संस्थाको हकमा सूचिकृत/अद्यावधिक गरेको प्रमाणपत्रको प्रतिलिपि
४. स्थायी लेखा नं. को प्रतिलिपि ।
५. कर चुक्ता सम्बन्धी कागजातको प्रतिलिपि ।
६. नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि ।

माथी उल्लेखित कागजातको साथमा वितरण गरिने बीउको बोरामा आपूर्तिकर्ताले आफ्नै खर्चमा अनिवार्य रुपमा प्रष्टसँग देखिने गरी देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछ ।

**५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको उन्नत बीउ**

| |
|---|
| बाली: मकै<br>जात:............<br>नगरपालिका: अर्जुनधारा नगरपालिका<br>मिति: २०७७/...... /........ |

**पुनश्च:**

आपूर्तिकर्ताले बीउविजन ऐन, २०४५, बीउविजन नियमावली, २०६९ र बीउबीजन प्रमाणिकरण निर्देशिका, २०७४ लगायत बीउविजन गुणस्तर नियन्त्रणसँग सम्बन्धित कानून तथा नीतिगत व्यवस्थाहरुको अधिनमा रही बीउको गुणस्तर कायम गर्नुपर्नेछ ।

महेन्द्र कुमार खाम्बाहाङ्ग
प्रमुख प्रशासकीय अधिकृत

फोन नं ०२३-४६५५०२/४६५५०३/४६५५७७
ईमेल: info@arjundharamun.gov.np, arjundharamun@gmail.com
वेभसाइट: www.arjundharamun.gov.np